श्रदेय अध्यक्ष ज्यू

सभा सदस्य ज्यूहरु

संघीयताको कार्यान्वयनसंगै स्थापना भएको यस गाउँपालिकाको लागि आर्थिक वर्ष २०८१।८२को वजेट यस सभा समक्ष पेश गर्न पाँउदा अत्यन्त हर्षित भएको छु । आम नागरिकको इच्छा आकांक्षालाई पुरा गर्ने सन्दर्भमा गाउँपालिकाको समग्र विकासको खाका, नेतृत्वको सोच र प्रतिवद्धतालाई योजनाबद्ध रुपमा पेश गर्न पाँउदा गर्वित महशुस गरेको छु । नेपालको संविधानले व्यवस्था गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यासको क्रममा आज सुनापति गाँउपालिका आफ्नो १५ औ गाँउ सभा अधिवेशनको संघारमा उभिएको छ। यो गौरवपुर्ण परिस्थितिको निर्माण गर्न अभुतपुर्ण भुमिका खेल्नुहुने आम नागरिक , नेतृत्व पंति तथा घाइते अपांङ्ग माथि उच्च सम्मान गर्दै अमुल्य जीवन वलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दीक श्रद्धा सुमन अर्पण गर्दछु। श्रद्धेय अध्यक्ष ज्यूको अनुमतिले म आगामि आ व ०८१।८२ को बजेट प्रस्तुत गर्न चाहान्छु।

सभा सदस्यज्युहरु,

“समृद्ध, उधमि, सुखि सुनापतिः कुषि, पर्यटन र शिक्षा हाम्रो सम्पति” भन्ने दीर्घकालिन सोचका साथ कृषि, पशुपालन र पर्यटनको विकास एवम् विस्तारलाई मध्यनजर गरी यस आर्थिक वर्षमा समृद्ध र समाजवाद उन्मुख सुनापतिको आधारशिला निर्माण गर्नुको साथै आधारभूत स्वास्थ्य सेबा निशुल्क प्राप्त गर्ने नागरिकको हकको रुपमा यो वजेटलाई केन्द्रित गरिएको छ ।गाउँपालिकाको समन्यायिक विकास , श्रोत साधनको समानुपातिक वितरण मार्फत गाउँपालिकाको सबै क्षेत्र वर्गको उत्थान मार्फत न्यायपूर्ण सुनापति समाजको निर्माण गर्ने गरी यो आर्थिक वर्षको बजेट तर्जुमा गरेको छु ।

आ.व.२०८१।८२को वजेट तर्जुमा गर्दा संविधान , नेपाल सरकार र प्रदेश सरकारको नीति , कानुन, निर्देशनहरु, पन्ध्रौ आवधिक योजना, वागमती प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य(Sustainable Development Goal) विषयगत समितिबाट भएका निर्णय , निर्देशन तथा गाउँसभा सदस्यज्यूहरुले प्रदान गर्नुभएको सुझाव समेतलाइ आत्मसात गरी तर्जुमा गरेको छु । यस बाहेक गाउँपालिकामा क्रियाशिल राजनितिक दल, बुद्धिजिवि, नागरिक समाज,संघ संस्थाहरुले दिनु भएको सुझावहरुलाई समेत वजेट निर्माणको आधार मानिएको छ ।

सुनापति गाँउपालिकाको मिति २०८१।०३।१० गते प्रस्तुत गर्नु भएको पारित नीति तथा कार्यक्रम सफल पार्न यो बजेट निर्माण गरेको छ। आगामि आ व ०८१।८२ का लागि कुल ५६ करोड ९० लाख५२हजारको बजेट निर्माण गरेको छ। संघीय शशर्त अनुदान तर्फ कुल २२ करोड ४ लाख प्राप्त भएकोमा राजस्व बाँडफाँड तर्फ ७ करोड ६९ लाख, वित्तिय समानीकरण अनुदान तर्फ १० करोड ७३ लाख बजेट प्राप्त भएको छ , त्यस्तै शशर्त अनुदान चालु तर्फ २० करोड ८६ लाख प्राप्त भएको छ। संघीय समपुरक अनुदान(पुजिगत तर्फ) १करोड बजेट प्राप्त भएको छ साथै शशर्त अनुदान(पुँजिगत) तर्फ १करोड १८ लाख बजेट प्राप्त भएको छ। वागमति प्रदेश सरकारबाट कुल ६ करोड ५१ लाख ९७ हजार बजेट प्राप्त भएको छ जस मध्ये वित्तिय समानिकरण अनुदान तर्फ १ करोड ९ लाख २९ हजार शर्शत अनुदान पूजिगत तर्फ १ करोड १५ लाख शर्शत अनुदान चालु तर्फ १ करोड ७७ लाख ६८ हजार तथा समपुरक अनुदान तर्फ २ करोड र विशेष अनुदान तर्फ ५०लाख बजेट प्राप्त भएको छ।

सुनापति गाँउपालिकाले चालु आ व ०८०।८१ मा संकलन गरेको राजस्वको प्रत्क्षेपित अनुमान ३० लाख रहेको छ। चालु आव को संभावित अल्या बजेट तथा कार्यक्रम हरुको विस्लेषण गर्दा कुल अल्या रकम ४करोड ७९ लाख८४ हजार रहेको छ। संघीय समानीकरण अनुदान बापत कुल १० करोड ७३लाख प्राप्त भएको तथा प्रदेश समानिकरण अनुदान मार्फत १ करोड९लाख २९ हजार प्राप्त भएको छ। संघीय राजस्व बाँडफाँड मार्फत कुल ७ करोड६९लाखप्राप्त भएको तथा प्रदेश राजश्व बाँडफाँड मार्फत कुल १ करोड ९६ लाख २१ हजार प्राप्त भएको छ।यसरी सुनापति गाँउपालिकाले वडागत प्राथमिकिकरण गरि पठाएको रकम तथा विषयगत समितिहरु मार्फत प्राप्त कार्यक्रम लाइ कुल २६ करोड६७ लाख ३४ हजारको सीमामा रहि विनियोजन गरेको छु। यस मध्ये चालु तर्फ ११ करोड ३२ लाख ५० हजार तथा पुजिगत तर्फ ११ करोड ९२ लाख ४७हजार ८ सय तथा वित्तिय व्यवस्था तर्फ३ करोड ४२ लाख ३६ हजार २ सय रुपैया विनियोजन गरेको छु।

सभा सदस्य ज्युहरु,

सुनापति गाँउपालिकाको नीति तथा बजेट तर्जुमा समितिका साथै गाँउकार्यपालिको पुर्ण बैठकबाट अनुमोदन भइ विनियोजित भएको बजेट लाइ विषयगत समिति तर्फका कार्यक्रमगत शिर्षकका आधारमा प्रस्तुत गर्न चाहन्छु।

**आर्थिक विकास तर्फ**

यस क्षेत्र तर्फ ८५ लाख३८ हजार ८०० सयबजेट विनियोजन गरेकि छु।

1. पशु पन्छीका लागि चाहिने दाना सुनापति गाउँपालिका भित्रै उत्पादन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
2. कृषकलाइ कृषि यान्त्रिकरणसँग प्रत्यक्ष जोडन कृषक साझेदारीमा कृषि यान्त्रिकरण कार्यक्रमका लागि १० लाख बजेट विनियोजन गरेको छु।
3. नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु।
4. पशुजन्य औषधि तथा कृषि किटनाशक औषधि खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
5. यस क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटको विस्तृत विवरण अनुसुची-१ मा उल्लेख गरिएको छ।

**सामाजिक विकास तर्फ**

यस क्षेत्र अन्तर्गत २ करोड ४६ लाख २५ हजार बजेट विनियोजन गरेको छु।

1. अभिभावकको बालबालिका प्रतिको उत्तरदायित्वलाइ वृद्धि गर्नका साथै कर्मशिल शिक्षकलाइ सम्मान गर्ने शिक्षक तथा उत्कृष्ट विद्यार्थि प्रोत्साहन कार्यक्रमको व्यवस्था गरेको छु।
2. SEE पश्चात CTEVT अन्तरगत प्राविधिक विषय अध्ययन गर्ने ५ जना विद्यार्थीलाई (प्रत्येक वडाबाट १ जनाका दरले) छात्रवृत्तिको व्यवस्था गरेको छु।
3. सुनापति गाउँपालिका भित्रका नागरिकहरुमा देखिने दीर्घ रोगीहरुको उपचार सहयोगार्थ यस अघि देखि दिइदै आएको सहायता रकम र आम नागरिकहरुमा आकस्मिक रुपमा आइपर्ने विभिन्न विपदजन्य दुर्घटना र आर्थिक क्षतिहरुको राहतका लागि निरन्तरता दिने व्यवस्था गरेको छु।
4. नागरिकको स्वास्थ्य बिमा सुनिश्चित गर्न र स्वास्थ्य उपचारमा पहुच अभिवृद्दी गर्न गाउँपालिका भित्र रहेका दलित नागरिकहरुको बीमा रकमको ५०% पालिकाबाट व्यहोरिने व्यवस्था मिलाएको छु।

5. हिलेदेवि बजारमा विभिन्न खेल प्रवर्द्धनका लागि कभर्डहल निर्माणका लागि आवश्यक व्यवस्था गरेको छु।
6. यस क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटको विस्तृत विवरण अनुसुची-२ मा उल्लेख गरिएको छ।

**पुर्वाधार विकास तर्फ**

यस क्षेत्र तर्फ ७ करोड ४२ लाख ५० हजार बजेट विनियोजन गरेकि छु।

1. यस वर्ष गौरवका आयोजना सुनापति पर्यटकीय क्षेत्र प्रवर्द्धन(लहरेमाने ,बुद्ध मूर्ति र महादेव मन्दिर निर्माण)लाई आवश्यक बजेट विनियोजन गरेकि छु।
2. पुर्वाधार शाखालाई आवश्यक पर्ने सामग्री तथा औजारहरु खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेकि छु।
3. यस क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटको विस्तृत विवरण अनुसुची-३ मा उल्लेख गरिएको छ।

**वन वातवरण तथा विपद व्यवस्थापन तर्फ**

यस क्षेत्र तर्फ ४० लाख बजेट विनियोजन गरेकि छु।

1. खोज तथा उद्धारमा प्रयोग गर्ने उद्धार सहायता औजार तथा सामग्री खरिद गर्न १० लाख बजेट विनियोजन गरिकि छु।
2. विपद प्रभावित परिवारहरुलाई आर्थिक सहायत प्रदान गर्न १५ लाख बजेट विनियोजन गरेकि छु।
3. यस क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटको विस्तृत विवरण अनुसुची-४ मा उल्लेख गरिएको छ।

**संस्थागत विकास र सुशासन तर्फ**

यस क्षेत्र तर्फ ४१ लाख ३४ हजारबजेट विनियोजन गरेकि छु।

१. गाउँपालिकाको कार्यालयमै आएर लिनुपर्ने सेवालाई जनताको घरदैलोमा पुर्याउने उदेश्यले वर्षमा २ पटक एकीकृत घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

२. बजारबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न र उपभोक्ताहरुको संवैधानिक अधिकार प्रत्याभुति गर्न बजार अनुगमनको लागि बजेट विनियोजन गरेको छु।

३. गाउँपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा भौतिक पूर्वाधार ,बजेट ,विकास निर्माण , निर्माण कृषि लगायतका विविध विषयमा जनतालाई ,स्वास्थ्य ,शिक्षा ,सामाजिक विकास , सुशासनको प्रत्याभुति दिनचौमासिक रुपमा सार्वजनिक सुनु वाई गर्न आवश्यक व्यवस्था मिलाएको छु।

4. सुनापति गाउँपालिका विभिन्न सरकारका सामाजिक सुरक्षा कार्यक्रमहरु बाट लाभान्वित हुन नसकेका एकल पुरुष तथा वृद्ध कन्यालाई यस अघि प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता लाई निरन्तरता दिएको छु।

5. यस क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटको विस्तृत विवरण अनुसुची-५ मा उल्लेख गरिएको छ।

**वडा तर्फ**

यस मध्धे वडा नं ०१ लाइ ४५ लाख ७५ हजार वडा न ०२ लाइ ४२ लाख ८८ हजार वडा नं ०३ लाइ ४२ लाख ९५ हजार वडा न ०४ लाइ ४७ लाख ६४ हजार तथा वडा नं ०५ लाइ ४५ लाख ७८ हजार गरि कुल वडागत रुपमा प्राथमिकीकरण भइ आएको योजनाहरु तर्फ कुल २ करोड २५ लाख रकम विनियोजन गरेको छु।

यस क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटको विस्तृत विवरण अनुसुची-६ मा उल्लेख गरिएको छ।

**अन्य तर्फ**

यस क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटको विस्तृत विवरण अनुसुची-७ मा उल्लेख गरिएको छ।

सभासदस्य ज्यूहरु

आगामि आ व ०८१।८२ को बजेट निर्माणका लागि सहयोग गर्नुहुने सुनापति गाँउपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतका साथै विषयगत समितका संयोजकहरु कार्यपालिका सदस्यहरु विषयगत शाखा प्रमुखहरु तथा कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्न चाहान्छु ।साथै यो सम्मानित गाँउ सभाले मैले प्रस्तुत गरेको बजेट ध्वनि मतले पास गर्ने अपेक्षा सहित गाँउ सभा सदस्यज्युहरुमा समेत अग्रिम धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।